"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको सूचना।

(सूचना प्रकाशन मिति : २०८१/०१/३१)

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ३८५, मिति २०८१/०१/२४ गते प्राप्त पत्रको निर्देशन बमोजिम यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा **राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य** रुपमा **"व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यस्थापन प्रणाली" (VERSS-MIS)** मा प्रविष्ट गर्नु पर्ने भएको हुँदा यस नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आगामी आ.ब.को लागि भत्ता प्राप्त गर्न नविकरणको निवेदन पेश गर्दा **(२०८१ श्रावण र भाद्र महिना भित्रमा)** तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नयाँ निवेदन दर्ता गराउने लाभग्राहीहरुले सोही समयमा आफ्नो **राष्ट्रिय परिचयपत्र नम्बर (NIN)** अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. राष्ट्रिय परिचयपत्र नम्बर नभएका लाभग्राहीको नविकरण तथा नयाँ निवेदन दर्ता हुन नसक्ने भएकोले श्री ईलाका प्रशासन कार्यालय, हरिवनमा आफ्नो सक्कलै परिचयपत्र लिएर गई परिचयपत्र नम्बर प्राप्त गर्नु हुन अनुरोध छ।

२. राष्ट्रिय परिचयपत्रको लागि वडामा आएको टोलिमा गई फोटो खिचाउनु भएका तर परिचयपत्र प्राप्त नभएका लाभग्राहीहरुले फोटो खिचाउँदा प्राप्त गर्नु भएको आवेदन प्रतिमा भएको १६ अङ्कको आवेदन नम्बर मार्फत विभागले उपलब्ध गराएको एस.एम.एस. प्रणालीबाट वा यस कार्यालयमा रहेको सेवा इकाईबाट राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न सकिनेछ।

....................
प्रमुख प्रशासकीय अधिकृत